जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

# २०७४ चैत्र महिनाको विपदसँग सम्बन्धित प्रतिवेदन

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोक;
Prepaid by – Rabindra Khadka ( Information Management Officer )

२०७५।०१।०१

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com






तस्वीर ; जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको रेडियो कक्षमा सुचना आदान-प्रदान गर्दै रेडियो अपरेटर



## १. आपतकालीन कार्यसञ्चालन केन्द्र

जिल्लाको उत्तरमा रहेको सिन्धु नदी र पाल्चोक भगवतीको नामबाट नामाकरण गरिएको मध्य क्षेत्रको बागमती अञ्चलमा पर्ने सिन्धुपाल्चोक जिल्ला २७.२७ उत्तर देखि २८.१३ उत्तरी आक्षांस र ८५.२७ पूर्व देखि ८६.०६ पूर्व देशान्तरमा अवस्थित रहेको छ। नेपाल राष्ट्रको कुल क्षेत्रफल मध्ये १ भाग (७३%, ओगटेको सिन्धुपाल्चोक जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको १९ वटा जिल्लाहरु मध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठुलो जल्ला हो। यस जिल्लाको क्षेत्रफल २४४२ वर्ग कि.मि. को छ। यस जिल्लाको उत्तरमा चिनको स्वसासित क्षेत्र तिब्बत, पुर्वा दोलखा, दक्षिणमा रामेछाप र काभ्रे, पशिचममा काठमाण्डौ र नुवाकोट जिल्ला रहेका छन्। नँया संरचना अनुसार सिन्धुपाल्चोक जिल्लामा ३ नगरपालिका तथा ९ ओटा गाँउपालिका रहेका छन्। नगरपालिकाहरु – चौतारा साँगाचोकगढि नं.पा.,बाहबिसे नगरपालिका, मेलम्ची नगरपालिका, तथा गाँउपालिकाहरुमा ईन्द्रावती गाँउपालिका, जुगल गाँउपालिका, पाँचपोखरी गाँउपालिका, बलेफी गाँउपालिका, भोटेकोसी गाँउपालिका, लिसंखुपाखर गाँउपालिका, सुनकोसी गाँउपालिका, हेलम्बु गाँउपालिका तथा त्रिपुरासुन्दरी गाँउपालिका रहेका छन्।


जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

सिन्धुपाल्चोक जिल्लामा विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट उच्च प्रभावित जिल्ला हो। जिल्लामा हरेक वर्ष विपदका कारण जनधनको अपूरणीय क्षति भइरहेको छ । सिन्धुपाल्चोक जिल्लामा विपद् सम्बन्धि धेरे ठुला-ठुला घट्नाहरु घटिसकेको पाईन्छ। जस्तै २०७१ को जुरे पहिरो, २०७२ को भूकम्प, २०७३ को भोटेकोसीको बाढि,२०७४ सालको पहिरोबाट लार्चा पुलको क्षति भएको पाईन्छ । जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रले जिल्लाको विभिन्न सुरक्षा निकायबाट प्राप्त सुचनाको संकलन, अध्याविक गर्ने र सहि सुचना क्षेत्रीय तथा राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र सम्म पुर्याउने कार्य गर्दछ। विपदको समयमा त झन् यो केन्द्र अझ सक्रिय रहने गर्दछ।

## २. सुरक्षा निकायको अवस्थिति

| क्र.सं. | सुरक्षा निकया | युनिट संख्या | स्थान/युनिट |
|---|---|---|---|
| १ | नेपाली सेना | ४ | चौतारा, मेलम्चि, लामोसांघु र बाह्रबिसे |
| २ | नेपाल प्रहरी | ३१ | जिल्ला प्रहरी कार्यालय(१), ईलाका प्रहरी कार्यालय(४), सिमा प्रहरी चौकी(१), प्रहरी चौकी(१८), अस्थायी प्रहरी पोष्ट(३), जिल्ला ट्राफिक(१), कासु गार्ड(१), प्रजिअनिसु गार्ड(१) र जि.अ.स.सु.प्र.ई. सिपा (१) |
| ३ | सशस्त्र प्रहरी | ९ | चौतारा, किउल, तातोपानी, मुडे, अँधेरी, मेलम्चि, लामोसाँघु, वनदेउ र बाह्रबिसे |

सिन्धुपाल्चोक जिल्लाको नक्शा




## ३.जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको हालसम्मको गरेको कार्यहरु


जिल्ला दैवी प्रकोप उदार समिति (DDRC) र जिल्ला विपद् व्यवस्थापान तथा पुर्वतयारी समिति (DMPC) सँगको समन्वयमा काम गर्ने गरिएको ;

- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यकक्ष रेडियो सञ्चालन कक्षको व्यवस्थापन गरिएको ;
- नयाँ संरचना अनुसार ३ वटा नगरपालिका र ९ वटा गाउँपालिकाको कार्यकारी अधिकृत तथा वडा सचीवहरुको सम्पर्क नम्बर तथा नयाँ संरचनाको बारेमा अध्यावधि गरिएको ;
- सिन्धुपाल्चोक जिल्ला स्थित सरकारी कार्यालयको सुचना अधिकृतहरुको टेलिफोन नम्बरहरु राख्ने तथा अध्यावधिक गरिएको;

- सिन्धुपाल्चोक जिल्ला स्थित सरकारी कार्यालयक राजनीतिक दलका पार्टि प्रमुख तथा प्रतिनिधीहरुको टेलिफोन नम्बर केन्द्रमा राख्ने काम गरिएको;
- सिन्धुपाल्चोक जिल्लामा कार्यरत गाउँपालिका तथा नगरपालिकाको कार्यकारी अधिकृत वडा सचिवहरुको नयाँ संरचना अनुसार सम्पर्क नम्बरहरु अध्यावधिक गरिएको ;
- विपद् जोखिम संग सम्बन्धित घट्नाहरु (बाढी, पहिरो, आगलागी, सवारी दुर्घट्ना आदी) को संकलन, व्यवस्थापन तथा जाहेरी गर्ने जस्तो घट्नाहरुको मासिक रुपमा सुचना पार्टीमा राखिएको र मासिक प्रतिवेदन तयार गरिएको;
- राष्ट्रिय आपतकालीन सञ्चालन केन्द्रको सुचना राख्ने वेवसाईट www.drrportal.gov.npadmin मा विपद्संग सम्बन्धित घट्ना तथा मासिक प्रतिवेदन राखिएको तथा केन्द्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र एवंम् क्षेत्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रमा खबर तथा सुचना आदान-प्रदान गर्ने गरिएको ;
- ३ वटा नगरपालिका तथा ९ वटा गाँउपालिकाको स्थानिय निकायमा निर्वाचित जनप्रतिनिधिहरु मेयर, उपमेयर, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुको सम्पर्क नम्बर अध्यावधिक गरीएको छ ;
- रेडियो सञ्चालन कक्षमा रहेको सञ्चारको माध्यम VHF सेटबाट विपद् सम्बन्धि सुचना आदान – प्रदान गर्ने कार्य गरिएको ;
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा रहेको सम्पुर्ण महत्वपुर्ण सामाग्रीहरु सुरक्षित संग राखिने जस्ता महत्वपुर्ण कार्यहरु भएका छन् ।
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको वेवसाईट सुचना व्यवस्थापन प्रणाली www.implatformnepal.com/sindhupalchowk/admin मा सुचनाहरु अध्यावधि हुने कार्यहरु भएको ;

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

## ४. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र सिन्धुपाल्चोक जिल्लाको सुचना व्यबस्थापन प्रणालीको वेवसाईट सञ्चालनमा




सिन्धुपाल्चोक जिल्ला बाढी, पहिरो, आगलागी, महामारी, खडेरी, चट्याङ जस्ता नियमित प्रकृतिका प्राकृतिक तथा मानव निर्मित प्रकोप तथा भूकम्प जस्ता कहिले काहीँ जाने र ठूलो मात्रामा जनधनको क्षति हुने प्रकोपका हिसावले सिन्धुपाल्चोक जिल्ला उच्च जोखिममा रहेको छ। सम्भावित विपद् र यसको जोखिमको अवस्थालाई मध्यनजर राख्दै सम्बन्धित निकायहरू र साझेदार संस्थाहरूले प्रभावकारी विपद् प्रतिकार्य तथा उद्धारका लागि केन्द्रमा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, क्षेत्रमा क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रले समन्वय गरी कार्य गर्ने गरिएको छ। विगतको विनाशकारी भूकम्प, विगतमा घटेको भोटेकोशीको वाढि, जुरेको पहिरो, बर्षेनी हुने यातायात दुघर्टना, २०७२ सालको भूकम्प र अन्य साना पहिराहरूबाट हरेक वर्ष मानवीय, भौतिक, आर्थिक, सामाजिक क्षति भइरहेको छ। प्राकृतिक श्रोतमा अतिक्रमण, अव्यवस्थित विकास निर्माण र बस्ती विकास, जलवायु परिवर्तन, बढदै गएको जनसंख्या, भू–उपयोग योजनाको निर्माण नहुनु, विपद जोखिम र जलवायु उत्थानशीलताका विषयलाई विकास निर्माणका प्रक्रियामा प्राथमिकतामा राख्न नसक्नु क्षतिको पहिलो कारण हो।

सिन्धुपाल्चोक जिल्लामा अवस्थित जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले सम्पुर्ण सिन्धुवासीहरुलाई विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा तथा विपद्को समयमा आवश्यक पर्ने महत्वपुर्ण सुचनाहरु आदान प्रदान गर्नको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको सुचना व्यवस्थापन प्रणाली नामक वेवसाइटको निर्माण गरीएको छ। नेपालको भूकम्प प्रभावित क्षेत्रहरुमा पुनर्निमाणका लागि समुदायमा आधारित समावेशी विपद् पूर्वतयारी प्रवर्द्धन कार्यक्रम टुकी संघ सुनकोसी सिन्धुपाल्चोक/सेभ द चिल्ड्रेनको साझेदारी परियोजनाको सहयोगमा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र सिन्धुपाल्चोकको सुचना व्यवस्थापन प्रणालीको वेवसाईट निर्माण गरीएको हो। यस वेवसाईटको मुख्य कार्य भनेकोनै यस सिन्धुपाल्चोक जिल्लामा विपद्को समयमा

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

पुर्वतयारी रहनको निमित्त तथा विपद्को समयमा सम्पुर्ण सिन्धुवासी दाजुभाई दिदि बहिनीहरुले सिन्धुपाल्चोक जिल्लाको सिनारियो तथा महत्त्वपुर्ण आकस्मिक नम्बरहरु एम्बुलेन्स, सुरक्षा निकायको सम्पर्क नम्बरहरु जिल्ला व्यवस्थापन समितिको महत्वपुर्ण सुचनाहरुको बारेमा जानकारी लिन सक्दछन् । जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको सुचना व्यवस्थापन प्रणालीको वेवसाईटको ठेगाना – www.implatformnepal.com/sindhupalchowk/ रहेको छ। यसै गरेर जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको सम्पर्क नम्बर **०११-६२०४७०** मा समुदायमा घटेका विपद् सम्बन्धि घट्नाहरु बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, खडेरी, चट्याङ तथा सवारी दुर्घट्ना जस्ता नियमित प्रकृतिका प्राकृतिक तथा मानव निर्मित प्रकोप एवम् घट्नाहरुको बारेमा जानकारी आदान प्रदान गर्न सकिन्छ। यदि सल्लाह सुझाब दिनको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको ईमेल ठेगाना – deoc.sindhupalchok@gmail.com रहेको छ। यस कार्यालयलाई एक मिडिया हब तथा सुचना केन्द्र र विपद् जोखिम न्यूनिकरणको निमित्त पूर्वतयारी रहनको निमित्त तथा पुर्व चेतावनी प्रणालीको निमित्त महत्तवपुर्ण सुचनाहरु पनि प्राप्त गर्न सकिनेछ।

### ५. चैत्र महिनाको विपदको अवस्था

सिन्धुपाल्चोक जिल्लाको चैत्र महिनाको विपद् सम्बन्धि क्षतिको अवस्था यस प्रकार रहेको छ।

| मिति अवधि | घटना/घट्ना संख्या | मृत्यु | वेपत्ता | घाईते | घर क्षति | गोठ क्षति | पशु चौपाया क्षती | अनुमानित क्षति (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| २०७४।१२।०१ देखि २०७४।१२।३० सम्म | आगलागी -४ | 0 | ० | १ | २ | १ | २ मृत्यु ३ घाईते | ११,९८,००० ( एघार लाख अन्ठानब्बे हजार ) |
| २०७४।१२।०१ देखि २०७४।१२।३० सम्म | हुरी-बतास - १ | ० | ० | ० | १ | ० | १ | अनुमानित रकम नखुलेको |

**स्रोत: जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र**

### ६. चैत्र महिनाको सवारी दुर्घट्नाको अवस्था

सिन्धुपाल्चोक जिल्लाको चैत्र महिनाको सवारी दुर्घट्ना सम्बन्धि अवस्था यस प्रकार रहेको छ।

| मिति अवधि | घटना/घट्ना संख्या | मृत्यु | वेपत्ता | घाईते |
|---|---|---|---|---|
| २०७४।१२।०१ देखि २०७४।१२।३० सम्म | सवारी दुर्घट्ना - ८ | ७ | ० | २५ |

**स्रोत: जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र**

## ७. घटनाको विवरण

चैत्र महिनामा विपद् सम्बन्धि घट्नाहरुमा आगलागी, सवारी दुर्घट्ना तथा हुरी-बतास जस्ता घट्नाहरु घटेका छन् । यस महिनामा सिन्धुपाल्चोक जिल्लामा विपद् सम्बन्धि घट्ना हुरी – बतास १,आगलागी ४ र सवारी दुर्घटनाको संख्या ८ रहेका छन् । विषेश गरेर सिन्धुपाल्चोक जिल्लाको हिमाली तथा पहाडी भुभागमा वर्षा तथा हिमपात भएतापनि वर्षा र हिमपातको कारणले खासै क्षतिको सुचना जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छैन् । चैत्र महिनामा सिन्धुपाल्चोकमा घटेका घट्नाहरु निम्नलिखित रहेका छन् ।

### जिल्ला सिन्धुपाल्चोक चौतारा सागाँचोकगढी न.पा. ९ मा मोटरसाईकल दुर्घट्ना हुँदा एक घाईते

मिति २०७४।१२।०३ गते अ.०९:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा सागाँचोकगढी न.पा. ९ बालुवा स्थित अरनिको राजमार्गमा बलेफी बाट बनदेउ तर्फ गईरहेको बा १ क ५६७२ नं.को ट्रकले बिपरी दिशा बाट आईरहेको बा ७४ प ३९७१ नं.को मो.सा.लाई ठक्कर दिदा मो.सा. चालक जिल्ला काठमाण्डौ चन्द्रागिरी न.पा. २३ बस्ने बर्ष १९ को सौजन तामाङको बाया खुट्टा र शरीरको बिभिन्न भागमा चोट लागि उपचारको लागि सिन्धुसदाबहार अस्पताल खाडीचौर पठाएको अबस्था मध्यम मो.सा.पूर्ण रुपमा क्षति ,ट्रकको अगाडीको बाया साईडमा सामान्य क्षति भएको ट्रक चालक यस चौकीको नियन्त्रणमा मो.सा.र ट्रक घटना स्थलमा बाटो अबरोध नभएको उक्त स्थानमा यस बलेफी चौकी बाट प्र.स.नि.को कमाण्डमा ४ जनाको टोलि खटिएको उक्त स्थान यस चौकी बाट अ.३/४ कि.मि.दक्षिर्ण पर्ने जानकारी जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रलाई प्राप्त भएको छ ।

### जिल्ला सिन्धुपाल्चोक लिसंखुपाखर गा.पा.-४ मा सवारी दुर्घट्ना हुँदा एक घाईते

मितिः-२०७४।१२।०४ गते अ. १९;३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक लिसंखुपाखर गा.पा.४ स्थित बा.४ख २६८१ न.को बालुवा बोकेको निसान गाडि ब्याक गर्ने क्रममा अचानक ब्रेक फेल भई १५० मिटर तल खसेको भन्ने खबर प्राप्त हुन साथ यस प्रहरी चौकि लिसंखुपाखर बाट प्र.स.नि.को कमाणडमा टोलि खटिगई चालक ऐ.ऐ. बस्ने वर्ष ३५ को होम ब.के.सि. घाईते भई उपचारको लागि धुलिखेल पठाएको अवस्था मध्यम गाडि घटना स्थालमा अन्य ब्यति कोहि सवार नभएको उक्त स्थान यस चौकि बाट २ कि.मि.उतर पर्ने जानकारी जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको छ ।

### जिल्ला सिन्धुपाल्चोक मे.न.पा.१२ चारघरे स्थित बस दुर्घट्ना हुँदा ३ को मृत्यु १५ घाईते

मिति २०७४।१२।०९ गते अ.१४:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक मे.न.पा.१२ चारघरे स्थित भित्री कच्ची सडक खण्डमा काठमाण्डौबाट मेलम्ची तर्फ आउदै गरेको बा २ ख ४३२५ नं. को बस अचानक सडकबाट अं. ४० मिटर तल खस्न जाँदा उक्त बसमा सवार अं. ३५/४० जना घईते भई उपचारको लागि मेलम्ची तर्फ पठाउने कार्य भई रहेको घटना स्थलमा ई.प्र.का. मेलम्ची सि.पा.बाट प्र.नि. को कमाण्डमा १० जनाको टोली र प्र.चौ. बाहुनेपाटीबाट प्र.ह. को कमाण्डमा ५ जना को टोली खटि गएको बस घटना स्थलमा नै रहेको, २ जना पुरुष र १ जना महिला उक्त बसले च्यापिई मृत अबस्थामा रहेको उक्त स्थान ई.प्र.का. मेलम्ची

सि.पा.बाट १० कि.मि. दक्षिण पश्चिम र प्र.चौ.बाहुनेपाटी सि.पा.बाट ५ कि.मि.पश्चिम पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

निम्न: घाईते तथा मृत्यु हुनेहरु :

१.जि.सि.पा.मे.न.पा.१० सिखरपुर बस्ने बर्ष ४०/४५ को चन्द्र बहादुर देउजा (मृत्यु )
२.ऐ.ऐ.१० बस्ने बर्ष ६० को खुमराज अधिकारी ( मृत्यु )
३.ऐ.ऐ १२ बासबारी बस्ने बर्ष ५६ की ठुलिकान्छी भन्ने तुलसा पराजुली (मृत्यु )
४.जि.सि.पा.मे.न.पा.८ बस्ने अं. बर्ष ५० को कबिराज गिरी अबस्था मध्यम डिस्चार्ज
५. जि.सि.पा. पाँचपोखरी थाङपालधाप गा.पा. ८ बस्ने बर्ष ४२को राजन गौतम निधारमा चोट अवस्था सामान्य डिस्चार्ज
६. ऐ.ऐ. ७ बस्ने बर्ष १४ की रेश्मा अधिकारी हात र खुट्टामा चोट अबस्था सामान्य डिस्चार्ज
७ . ऐ. ऐ. ८ बस्ने बर्ष ३५ की सिता सिलवाल टाउकोमा चोट अबस्था सामान्य डिस्चार्ज
८ . ऐ .ऐ. ४ बस्ने बर्ष ६८ को हरी पण्डीत सामान्य डिस्चार्ज
९. जि.सि.पा. मे.न.पा. ९ बस्ने बर्ष १८ की शर्मिला खतिवडा खुट्टामा चोट अबस्था मध्यम काठमाण्डौ शंखरापुर रिफर
१० .ऐ.ऐ. १० बस्ने बर्ष २५ को भरत कार्की खुट्टामा चोट अबस्था सामान्य डिस्चार्ज
११. जि.काठमाण्डौ मछय गाउ बस्ने बर्ष २१ को सुमन कुईकेल दांया खुट्टामा चोट अबस्था सामान्य डिस्चार्ज
१२.जि.सि.पा.मे.न.पा. ९ बस्ने बर्ष ४६ को चङंगे तामाङ दाहिने हातको पाता फ्याक्चर अबस्था मध्यम डिस्चार्ज
१३. जि.सि.पा.थामपालधाप गा.पा. ७ तिपेनी बस्ने बर्ष अ.३८ को राजु श्रेष्ठ अबस्था गम्भिर काठमाण्डौ ओम अस्पताल रिफर
१४. ऐ.मे.न.पा.२ बतासे बस्ने बर्ष ३२ की रुपा कोईराला गम्भिर अर्थोपेडीक अस्पतालमा उपचार भईरहेको
१५.ईन्द्रावति गा.पा.२ बस्ने बर्ष ४० को तोप बहादुर तामाङ सामान्य काठमाण्डौ शंखरापुर अस्पताल ।
१६.जि.सि.पा.पाँचपोखरी थामपाल गा.पा. ७ बस्ने ३८ को सन्तोष लामा ढाडमा चोट काठमाण्डौ शंखरापुर अस्पताल ।
१७.जि.सि.पा.मे.न.पा. २ बस्ने बर्ष ३५ की शर्मिला कोईराला काठमाण्डौ शंखरापुर अस्पताल ।
१८.जि.सि.पा.मे.न.पा.१० बस्ने बर्ष ५४ को जित ब.देउजा काठमाण्डौ शंखरापुर अस्पताल ।

## सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढि नं.पा – ९ मा करेन्ट सर्ट भई आगलागी हुदा ३ लाख ९८ हजार बराबरको धनजन क्षति

मितिः-२०७४।१२।१२ गते अ. १४;३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा सागाँचोकगढि न.पा. ९ च्याने स्थित नारायण लाल श्रेष्ठको जस्ताको छाना भएको एक तल्ले टहरामा अचानक करेन्ट सट भई आगलागि भएको भन्ने खबर प्राप्त हुन साथ यस बलेफी प्रहरी चौकि बाट प्र.स.नि.को कमाण्डमा टोलि खटिगई प्रहरी र स्थानियबासिको सहयोगमा आगो ऐ.ऐ.१५;०० बजे नियन्त्रणमा आएको मानबिय तथा चौपाया क्षती नभएको घर पूर्ण रुपमा क्षती उक्त घरमा रहेको अन्नपात, भाडाकुडा,घर निर्माणको समाग्री ईलेक्टोनिक्सको सामान गरी अ.३ लाख ९८ हजार बराबरको क्षती भएको उक्त स्थान यस चौकि बाट ३ कि.मि. दक्षिण पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**सिन्धुपाल्चोक जिल्ला लिसंखुपाखर गाँउपालिका वडा – २ मा आगलागी हुँदा एक लाख बराबरको क्षति**

मिति २०७४।१२।१३ गते अन्दाजी २१:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक लिसंखुपाखर गाँउपालिका वडा नं. – २ थाङसिमराङ बस्ने राजकुमार तामाङको गोठमा बालेको गो अचानक आएको हावागुरीको कारण गोठमा आगोलागी हुदा गोठ भित्र रहेको २ वटा गोरु मध्य १ वटा जलि मृत्यु भएको, १ वटा गोरू घाईते भएको गोठ पुर्ण रुपमा जलि नष्ट भएको उक्त आगलागीबाट अन्दाजी रू १,००,०००।– (एक लाख) बराबरको क्षति भएको र अन्य क्षति केहि नभएको उक्त स्थानमा प्रहरी चौकी लिसंखुपाखर बाट प्र.ह को कमाण्डमा ४ जनाको टोली खटिई गई प्रहरी र स्थानीय बासीको सहयोगमा ऐ. २२:०० बजेको समयमा आगो पुर्ण रुपमा नियन्त्रणमा आएको उक्त स्थान प्रहरी चौकीबाट अन्दाजी ५ किलोमिटर पश्चिम पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**सिन्धुपाल्चोक जिल्ला मेलम्ची.न.पा -५ मा सवारी दुर्घटना हुँदा एक घाईते**

मिति २०७४।१२।१५ गते अं २०:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक मेलम्ची.न.पा -५ ब्लोन टोल स्थितमा भोटेचौर बाट सिन्धुकोट तर्फ जादै जरेको बा ७९ प ६८३४ नं को मो.सा ले ऐ.ऐ बस्ने माधब सार्कीको छोरा अं बर्ष १० को सुबास सार्की लाई ठक्कर दिदा दाहिने खुट्टा भाचिई उपचारको लागी काठमाण्डौ तर्फ पठाईएको, अबस्था मध्यम, मो.सा र चालक यस चौकीको नियन्त्रणा रहेको,घटना स्थलमा प्रहरी चौकी भोटेचौरबाट प्र.ना.नि को कमाण्डमा -४ जनाको टोली खटी गएको, घटना स्थल यस चौकी बाट अं २५ कि.मि उत्तर पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रलाई प्राप्त भएको छ ।

**सिन्धुपाल्चोक जिल्ला बलेफी गाँउपालिका वडा नं. – ७ मा टाटा मोबाईल भ्यानको ठक्कर बाट एक घाईते**

मिति २०७४।१२।१६ गते अ.१६:१० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बलेफी गाँउपालिका वडा नम्बर ७ स्थित अरनिको राजमार्गको खाडिचौर बजारमा बाह्रबिसे तर्फ बाट बनेपाको लागि गईरहेको बा ८ च ३१३ नम्बरको टाटा मोबाईल भ्यानले ऐ.ऐ.बस्ने बिजय श्रेष्ठको छोरा बर्ष ६ को अरनेश श्रेष्ठ लाई बाटो काट्ने क्रममा टक्कर दिदां निजको टाउको र दुबै खुट्टामा चोट लागि उपचारको लागि धुलिखेल अस्पताल तर्फ पठाईएको अबस्था मध्यम,चालक उपचारमा सम्लग्न रहेको गाडि यस प्रहरी चौकी लामोसाघुँको नियन्त्रणमा, प्र.स.नि.को कमाण्डमा ३ जनाको टोली खटिगएको, उक्त स्थान २ कि.मि.दक्षिण पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ ।

**जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढि नगरपालिका – ३ मा हावाहुरीको कारणले रुख ढल्दा एक घर पूर्ण क्षति, एक चौपायाको मृत्यु**

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

मिति २०७४।१२।१९ गते बेलुका आएको हावा – हुरीले चौतारा साँगाचोकगढि नगरपालिका – २ काटाकुटि बस्ने बुद्ध लक्ष्मी श्रेष्ठको हावाहुरिले घर नजिकमा रहेको पिपलको रुख ढली जस्ताको घर पुर्ण क्षति भएको ,एक वटा राँगो र भाँडाकुडा कुच्चीएर नष्ट भएकोले स्थलगत अवलोकन गरी पाऊ भनी आज मिति २०७४।१२।२० गते १४:०० बजेको समयमा जलबिरे ईलाका प्रहरी कार्यालयमा लिखित निवेदन दिएको र जलबिरे ईलाका प्रहरी कार्यालयबाट अनुगमनको लागी ३ जना टोली खटिई गएको जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढि नगरपालिका – ८ मा मोटरसाईकल दुर्घट्ना हुदाँ दुई घाईते**

मिति २०७४।१२।२० गते अन्दाजी १४:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढि नगरपालिका – ८ स्थित चौतारा बन्देउ सडकखण्डको मेलचौरबाट ईर्खुतर्फ जादै गरेको वा ३८ प नं को मोटरसाईकल अनियन्त्रीत भई पल्टिन जाँदा अचानक आगो लागी पुर्ण रुपमा क्षति भएको, मो.सा सवार जिल्ला सि.पा चौतारा साँगाचोकगढि नगरपालिका – ५ बस्ने वर्ष २८ को अशोक घलेको दुवै हातमा चोट लागेको ऐ.ऐ बस्ने वडा नं – १४ को वर्ष २७ को अर्चना श्रेष्टलाई चोट लागी उपचारको लागी जिल्ला अस्पतालमा ल्याईएको जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**सिन्धुपाल्चोक जिल्ला जुगल गा.पा वडा नं. – २ भिरबाट खसि एकको मृत्यु**

मिति २०७४।१२।२२ गते अ.१२.३० बजेको समयमा जिल्ला सुनसरी ईटहरी न.पा.२ घर भई हाल जि.सि.पा.जुगल गा.पा.२ स्थित रहेको निमलुङ आधारभुत बिद्यालयमा काम गर्न कामदार बर्ष ४२ को बिनोद कार्की अचानक भिर बाट लडी मृत्यु भएको भन्ने खबर प्राप्त हुना साथ यस प्रहरी चौकी तेम्बाथानबाट प्र.स.नि.को कमाण्डमा ४ जनाको टोलि खटि गएको उक्त स्थान यस चौकी बाट अ.३ घण्टा पैदल पश्चिम पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**सिन्धुपाल्चोक जिल्ला ईन्द्रावती गाउँपालिका वडा नं. – ५ मा आगलागी हुँदा , सात लाख बराबरको धनमाल क्षति**

मिति २०७४।१२।२५ अ. विहान ०६:४५ बजेको समयमा जि.सि.पा ईन्द्रावती गा.पा वडा नं – ५ शुर्यकोट बेसी गाँउमा बस्ने नेत्र बहादुर गौतमको घर र गोठमा विधुत सर्ट भई आगलागी हुँदा भैसी- १ गाई -१ र सोही स्थान बस्ने वर्ष ६० को लोस्ट गौतम र वर्ष ५० को कृष्ण गौतम सामन्य घाईते साथै घरमा रहेको नगद रू १,००,००० ( एक लाख) सुनको गहना ५ तोला लगायत अन्य जिन्सी सर समान गरी अ. मुल्य रु ७,००,०००।– (सात लाख) बराबरको क्षति भएको र विहान ८:३० बजे स्थानीयवासी र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा भएको, घाईतेहरु स्थानीय मेडिकलमा उपचार पश्चात घर फर्किएको घट्ना स्थल ईलाका प्रहरी कार्यालय नवलपुर वाट प्र.स.नी को कमाण्डमा खटि गएको र उक्त घट्ना स्थल ईलाका प्रहरी कार्यालय नवलपुर वाट १२ किलोमिटर पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

**जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा. वडा नं.-९ मा बलेरो गाडी दुर्घट्ना हुँदा ३ को मृत्यु**

मिति २०७४।१२।२५ गते राती समयमा नखुलेको जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा. वडा नं.-९ पिपलटार झिल्के भित्री कच्ची सडक खण्डमा स्थितमा मेलम्चीबाट पिपलटार तर्फ सिमेन्ट लोड गरी जादै गरेको बा १८ च ४६९९ नम्बरको पिकप बोलेरो

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

गाडी अचान झिल्के मोडमा सडकबाट अं २००/३०० मिटर तल भिरबाट खस्दा निम्न स्थान बस्ने निम्न मानिसहरुको मृत्यु भएको छ भन्ने खबर आज मिति २०७४।१२। २६ गते बिहान ०६:३० बजे बाटोमा हिडने स्थानिय वासीले खबर गर्न साथ यस प्रहरी चौकी तिपेनीबाट प्र.स.नि. को ४ जनाको टोलि र ईलाका प्रहरी कार्यालय मेलम्चीबाट प्र.ना.नि. को कमाण्डमा ६ जनाको टोलि खटि गएको लास र बोलेरो गाडी घटनास्थमा नै रहेको झिक्ने कार्य भईरहेको उक्त स्थान यस का. बाट अं ३/४ कि.मि. पश्चिम पर्ने अजानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ।

निम्न मृत्यु भएका ब्यक्तिहरु-

१ जिल्ला सि.पा. मेलम्ची न.पा. ९ पिपलटार बस्ने बर्ष ३५/ ३६ को सुरेश तामाङ ( चालक, साहुजी)

२ ऐ. ऐ. बस्ने बर्ष १३ को कमल स्याबो ( भान्जा मामासंग घुम्न गएको )

३ ऐ. ऐ. बस्ने बर्ष ४२ को मोति अधिकारी ( महिला ) घर निर्माणको सामान धनि

**जिल्ला सिन्धुपाचोक हेलम्बु गा.पा. वडा नं. - १ तिम्बुमा हेलम्बु यातायातको बस दुर्घट्ना हुँदा एकको मृत्यु चार घाईते**

मिति २०७४।१२। २५ गते अं २३:३० बजेको समयमा जिल्ला सिन्धुपाचोक हेलम्बु गा.पा. वडा १ तिम्बु भन्ने स्थानमा काठमाण्डौबाट तिम्बु तर्फ जादै गरेको बा २ ख ६३६५ नम्बरको हेलम्बु यातायात बस अचानक सडकबाट १० मिटर तल खस्न जादा बसमा सवार ७ जना मध्ये निम्न स्थान बस्ने निम्न मानिसहरु मृत्यु र घाईते भएको भन्ने खबर प्राप्त हुनासाथ प्र.चौ.तालामाराङबाट प्र.स.नि.को कमाण्डमा ४ जनाको टोलि र ईलाका प्रहरी कार्यालय मेलम्चीबाट प्र.ना.नि.को कमाण्डमा ९ जनाको टोलि खटि गएको चालक फरार, गाडी घटनास्थमा नै रहेको उक्त स्थान यस का.बाट अं २१ कि.मि. पश्चिम उत्तर पर्ने जानकारी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रलाई प्राप्त भएको छ।

निम्न मृत्यु/ घाईतेहरु -

१ नामथर वतन नखुलेको अं बर्ष १९/ २० को १ जनाको मृत्यु ( सहचालक ) लाश पो.मा.को लागी प्रा.स्वा.के.मेलम्चीमामा

२ जिल्ला भारत कलकत्ता बस्ने बर्ष २८ को नोरा सेन खुट्टामा चोट अबस्था सामान्य प्रा.स्वा. केन्द्र मेलम्चीमा उपचार भई रहेको।

३ ऐ.ऐ बस्ने बर्ष ४७ को ऐरासेक सेन खुट्टामा चोट अबस्था समान्य प्रा.स्वा. केन्द्र मेलम्चीमा उपचार भईरहेको। Refer धुलीखेल (घाटीको हडि भाचेको भन्ने बुझिएको )

४ ऐ.ऐ. बस्ने बर्ष ४८ को नोरे सिंह खुट्टामा चोट अबस्था सामान्य प्रा.स्वा. केन्द्र मेलम्चीमा उपचार भई रहेको।

५ ऐ.ऐ. बस्ने बर्ष २२ को सानु सेन सामान्य चोट प्रा.स्वा. केन्द्र मेलम्चीमा उपचार भईरहेको।

६ अन्य २ जनालाई केही नभएको।

## ८. सिन्धुपाल्चोक जिल्लाको विपद् पछिको पुर्वतयारीको अवस्था

नेपाल विश्वका १९८ मुलुक मध्ये भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (स्रोत: युएन वि.सि.पि.आर २००४, जर्मन वाच, मानव विकास प्रतिवेदन २००९) र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौंथो स्थानमा रहेको छ। नेपालमा २,३१५ वटा हिमताल मध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् (ईसिमोड/युएनईपि, २०००)। त्यसैगरी विपदको हिसाबले हाम्रो देश नेपाल संसारमा अति संवेदनशील क्षेत्रमा रहेको छ।

सिन्धुपाल्चोक जिल्ला बाढी, पहिरो, भूकम्प लगायतका प्राकृतिक प्रकोपको अत्याधिक जोखिमको अवस्थामा रहेको छ। यस सिन्धुपाल्चोक जिल्लाले विभिन्न समयमा प्रकारका प्राकृतिक प्रकोपका घटनाको सामना गर्नु परिरहेको छ। अझ जलबाट उत्पन्न प्रकोप (बाढी, पहिरो, डुबान आदी) बाट त यस जिल्ला झन् आग्रान्त छ। हरेक वर्ष जस्तो मनसुनको बेला जाने बाढी, पहिरोले धैरै नै धनजनको क्षति भएको छ। सिन्धुपाल्चोक जिल्लाको प्रमुख नदीहरुमा भोटेकोशी, सुनकोशी, ईन्द्रावति, बलेफी, मेलम्ची, झाडी आदी पर्छन्। चीनमा मुहान रहेको भोटेकोशी नदीले तातोपानी देखी लिएर बाह्रबिसे हुँदै दोलालघाटसम्म असर गर्छ भने ईन्द्रावती नदीले मेलम्ची क्षेत्रमा असर गर्दै आएको छ। २०४४ सालमा बलेफी नदीमा गएको बाढी, २०७१ सालमा गएको जुरे पहिरो, २०७२ सालको गोरखा भुकम्प, २०७३ सालमा भोटेकोशी नदीमा गएको बाढी लगायत हरेक वर्ष जाने बाढी र पहिरोले धैरै धनजनको क्षति गर्दै आएको छ। बर्षायामको समयमा बाढी पहिरो गएर वर्षातको समयमा विशेष गरी बाढी, पहिरो, चट्याङ् जस्ता प्रकोपहरु यस जिल्लामा देखिने गरेको हुँदा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयम तथा जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको प्रत्यक्ष सहभागितामा जिल्लामा कार्यरत संघ/संस्था व्यक्ति तथा समुहहरु सहित विपद्को समयमा प्रभावितहरुलाई सहयोग पुर्याउन उल्लेखनिय कार्य गर्दै आइरहेको छ। वर्षायाममा हुनसक्ने बाढी, पहिरो, सडक अवरोध तथा दुर्घटना एंवम् सवारी दुर्घट्ना, जस्ता प्रकोपहरुलाई दृष्टिगत गरी प्रकोप/विपद् अगाडिका तथा पछाडी अपनाइने सावधानीका उपायहरु, विपद्को समयमा गरिने मानविय खोज तथा उद्दार कार्य, राहत कार्य तथा तथा प्रभावितहरुलाई राहत संकलन साथै विपद् पश्चात गर्न सकिने मानविय सहयोग (Humanitarian Assistance) एवं पुनर्निर्माण र पूर्नस्थापनाको क्षेत्रमा गर्न सकिने सल्लाह सुझाव, समन्वय र सहयोग सम्बन्धमा जिल्ला विपद व्यवस्थापन समिति सिन्धुपाल्चोकको तर्फबाट विपद् पछिको पुर्वतयारीलाई मध्यनजर गर्दै विपद् पछिको पुर्वतयारी निम्न लिखित रहेका छन्।

- जिल्लामा घटेका घट्नाहरुको सुचना जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले प्राप्त गर्ने बित्तीक्कै जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउने र उहाँको निर्देशन अनुसार छिटो भन्दा छिटो जिल्ला विपद् व्यवस्थापन समितिको सदस्यहरुलाई बैठक राखी विपद् भएको क्षेत्रमा कार्य गर्नको निमित्त विभिन्न क्लस्टर (वस्तुगत क्षेत्र) मा विभाजन गरीएको छ।
- विपद्को समयमा ढिलासुस्ती नहोस् भनि सम्पुर्ण जिल्लामा हुने सरोकारवाला निकायहरुलाई कार्यको क्षेत्रहरु विभाजन गरी समन्वय खोज तथा उद्दार, खाध तथा कृषि, आवास तथा गैर खाध, खानेपानी सरसफाई तथा स्वास्थ्य, स्वास्थ्य र पोषण, आपतकालिन समयमा शिक्षा जस्ता क्लस्टर (वस्तुगत क्षेत्र) मा विभाजन गरीएअनुसार कार्य गर्ने गरीएको छ।

- सिन्धुपाल्चोक जिल्लाको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार कार्य गर्ने गरीएको
- विपद् पछिको पुर्वतयारी रहनको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले जिल्लामा रहेको सम्पुर्ण स्थानीय विपद् व्यवस्थापन समितिको स्थानिय विपद् जोखिम व्यवस्थापन योजना अनुसार संकट्टासन्न स्थानहरुको पहिचान गरी राखिएको छ।
- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) लाई जिल्लाको नै नमुना र उदाहरणीय सुचना केन्द्र वा मिडिया हव बनाई जिल्लामा रहेका सम्पुर्ण सरोकाराला निकाय तथा विपद्को समयमा प्रयोगगमा आउने आकस्मीक सेवाहरूको टेलिफोन नम्बरहरु जस्तै सुरक्षा निकाय, एम्बुलेन्स, दमकल,मिडियाहरुको सम्पर्क नम्बरहरु राख्ने गरीएको।
- सुचना व्यवस्थापन तथा समुदायमा रहने सम्पुर्ण सिन्धुवासीहरुलाई सुचना आदान-प्रदान गर्नको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको वेवसाईट सञ्चालनमा रहेको छ। http://implatformnepal.com/sindhupalchowk/ वेवसाईट ठेगाना रहेको छ।
- विपद्को समयमा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रले विपद्को समयमा आवश्यक पर्ने विभिन्न I/NGO, UN एजेन्सी बाट प्राप्त खोज तथा उद्धारको सामाग्रीहरु गोदाम घरमा राम्रोसंग व्यवस्था गरी राखिएको छ। विपद्को समयमा आवश्यता अनुसार सञ्चालनमा ल्याउन सकिनेछ।
- सिन्धुपाल्चोक जिल्लामा सुरक्षा निकायहरु, जिल्ला शाखा रेडक्रससंग, विभिन्न संघ संस्थाहरु सगं रहेको खाद्य, खोज तथा उद्धारका सामग्रीहरुको अवस्था के रहेको छ। त्यसको बारेमा लेखाजोखा राख्ने गरीएको छ।
- यस सिन्धुपाल्चोक जिल्लाको भौगलिक हिसाबले विपद् सम्बन्धित प्राकृतिक प्रकोप र मानव सिर्जित घट्ना परि घट्नाहरु घट्ने हुँदा यी र यसका सहजीकरण न्यूनिकरण बारे सुचना प्रवाह गर्ने गराउने गरिएको छ।
- जिल्लाको कुनै पनि विपद्को सम्भावनाको पूर्वसुचनाको ग्रहण तथा पूर्वचेतावनीको प्रवाह, विपद्को घटनापछि राष्ट्रिय र क्षेत्रीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, छिमेकी जिल्ला र स्थानीय सरोकारवाला बीच प्रभावकारी समन्वय गरी विपद् प्रतिकार्य योजनालाई प्रभावकारी बनाउनको निमित्त विपद् पछिको पुर्व तयारीको निमित्त निम्न लिखित कार्य गर्ने गरिएको छ।

## ९. सिन्धुपाल्चोक जिल्लामा भएको बर्षा मापन यन्त्र तथा मौसम पुर्वअनुमान डिजिटल टावर







जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

१०. विविध कार्यक्रम

यहि मिति २०७४।१२।१३ गते तद्अनुसार मार्च २६, सन् २०१८ बिहिबारको दिन UNDP का केन्द्रिय कार्यालयबाट सिन्धुपाल्चोक जिल्लाको विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा भएका प्रगती तथा प्रयासका बारेमा अवलोकन भर्मण भएको थियो । यसको साथै Deputy Country Director, Sophex Kankhaler लगायत अन्य सदस्यहरुले निमित्त जिल्ला प्रमुख अधिकारी श्री दुर्गा बन्जाडे संग भेट वार्ता गर्नुका साथै जिल्ला आपतकालिन कार्य सञ्चान केन्द्रमा अवलोकन भ्रमण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको सञ्चालनको बारेमा महत्त्वपुर्ण कुराहरुको छलफल भएको थियो ।



तस्वीर : UNDP का केन्द्रिय कार्यालयबाट आउनुभएका प्रतिनिधिसंग छलफल गर्नु हुँदै सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बन्जाडे ज्यू

तयार गर्ने
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र
सुचना व्यवस्थापन अधिकृत : रबिन्द्र खड्का

स्वीकृत गर्ने
अस्मान तामाङ
( प्रमुख जिल्ला अधिकारी